नेपाल सरकार
भूमि समस्या समाधान आयोग

# जिल्ला समिति पाँचथर

२०८१

च.नं. १४
प.सं. ०८२/०८३

मितिः २०८२/०५/०३
ने.सं. ११४५ गुंलगा एकादशी मंगलबार

श्री स्थानीय तह सबै,
पाँचथर।

**विषयः लगत संकलन गर्ने सम्बन्धमा ।**

प्रस्तुत विषयमा श्री भूमि समस्या समाधान आयोग, ताहाचल काठमाण्डौं बाट अन्तिम पटकको लागि भूमिहीन दलित तथा भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने र अब्यवस्थीत बसोबासीको व्यवस्थापन गर्ने प्रयोजनको लागि र विगतका अयोग, समिति र कार्यदलका बाँकी कामको लागि निवेदन दिने सम्बन्धी अन्तिम पटक ३५ (पैंतीस) दिने सूचना मिति २०८२-०४-३० गते प्रकाशित गरिएको हुनाले सूचनानुसार स्थानिय तहहरुमा भूमिहीन दलित,भूमिहीन सुकुम्बासी र अब्यवस्थीत बसोबासीले जग्गा प्राप्त गर्नका लागी तत् तत् ढाँचामा निवेदन फाराम भरी सूचना प्रकाशन भएको मिति देखि ३५ दिन भित्र लगत संकलन गरिदिन हुन सादर अनुरोध छ। साथै भूमि समस्या समाधान आयोग, ताहाचल काठमाण्डौं बाट प्रकाशित सूचनाहरु यसै पत्रासाथ संलग्न राखि पठाईएको व्यहोरा सादर अनुरोध छ।

०८२।५।३
सदस्य सचिव

Email: 109panchthar.districtcommittee@gmail.com

नेपाल सरकार

## भूमि समस्या समाधान आयोग

ताहाचल, काठमाडौं ।

# भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले निवेदन दिने सम्बन्धी पैंतीस (३५) दिने सूचना ।

**(अन्तिम पटकको सूचना प्रकाशन मिति : २०८२/०४/३०)**

भूमि समस्या समाधान आयोगले भूमिहीन दलित तथा भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने र अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्ने प्रयोजनका लागि कार्य सहमतिपत्र अनुसार सम्झौता भइसकेका सम्पूर्ण स्थानीय तहका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले जग्गा प्राप्त गर्नका लागि आयोगले तोकेको ढाँचा बमोजिम निवेदन फाराम भरी मिति २०८२/०४/३० देखि ३५ दिनभित्र स्थानीय तहबाट वडाका तोकिएका स्थानहरूमा खटिएका लगत संकलक मार्फत पेश गर्नु हुन यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

नेपाल सरकार

# भूमि समस्या समाधान आयोग

ताहाचल, काठमाडौं ।

फोन नं. ०१-५३१३९३२/५३१३९३६

## विगतका आयोग, समिति र कार्यदलका बाँकी कामको लागि निवेदन दिने सम्बन्धी अन्तिम पटकको ३५ (पैंतीस) दिने सूचना

**प्रकाशित मिति : २०८२/०४/३०**

मिति २०७७/०१/०१ भन्दा अगाडि प्रचलित कानून बमोजिम नेपाल सरकारले गठन गरेका आयोग, कार्यदल र समितिबाट वितरण गरेका जग्गाहरूको स्वामित्व वा दर्ता स्रेस्ता वा नक्सा प्रमाणित लगायतका विषयमा कुनै समस्या भए आवश्यक प्रमाण कागजातसहित बिगतका आयोग, समिति र कार्यदलका बाँकी काम सम्पन्न गर्ने सम्बन्धी कार्यविधि, २०८१ को अनुसूची २ बमोजिमको ढाँचामा यस आयोगको सम्बन्धित जिल्ला समितिको सचिवालयमा मिति २०८२/०४/३० देखि ३५ (पैंतीस) दिनभित्र निवेदन पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।